दमक नगरपालिका,झापा

**स्थानीय राजपत्र**

| | |
|---|---|
| **वर्ष** : | **प्रमाणीकरण मिति** : |
| **संख्या** : | **प्रकाशन मिति** : |

# दमक नगर प्रहरी (दोश्रो संशोधन) ऐन, २०८१

**प्रस्तावनाः-** दमक नगर प्रहरी ऐन २०७६ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

नगर सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम दमक नगर प्रहरी (दोश्रो संशोधन) ऐन, २०८१ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. दमक नगर प्रहरी ऐन २०७६ दफा १ मा संशोधनः-** दमक नगर प्रहरी ऐन, २०७६ (यस पछी मुल ऐन भनिने छ।) दफा १ मा रहेको "यस ऐनको नाम दमक नगर प्रहरी ऐन, २०७६" को सट्टामा "यस ऐनको नाम दमक नगर प्रहरी बल ऐन, २०७६" वाक्यांश राखिएको छ।

**३. मुल ऐनको दफा २ मा संशोधनः** १) मुल ऐनको दफा २ को खण्ड क मा रहेको "दमक नगर प्रहरी व्यवस्थापन ऐन २०७६" भन्ने

शब्दहरुको सट्टामा "दमक नगर प्रहरी बल ऐन, २०७६" शब्दहरु राखिएको।

२) मुल ऐनको दफा २ को खण्ड छ मा रहेको "नगर प्रहरी भन्नाले दमक नगर प्रहरी सम्झनु पर्दछ।" भन्ने वाक्यांशको सट्टामा "नगर प्रहरी भन्नाले दमक नगर प्रहरी बल सम्झनु पर्दछ।" वाक्यांश राखिएको छ।

३) मुल ऐनको दफा २ को खण्ड ज मा रहेको प्रहरी भन्ने शब्द पछी "बल" भन्ने शब्द थप गरीएको छ

४. **मुल ऐनको दफा ३ मा संशोधनः-** मुल ऐनको दफा ३ मा रहेको प्रहरी र सेवा शब्दको विचमा "बल" शब्द थप गरीएको।

५. **मुल ऐनको दफा १० मा संशोधनः-** मुल ऐनको दफा १० को उपदफा २ पछी उपदफा ३ थप गरी निम्न व्यवस्था गरिएको छ।

(३) नगर प्रहरीको पदपूर्ति समावेशिताको आधारमा गरिनेछ।

६. **मुल ऐनको अनुसुची १ मा संशोधनः-** मुल ऐनको अनुसुची १को खण्ड तेश्रो (बुदाँगत) मा रहेको " उमेर २१ वर्ष पुरा भई २५ वर्ष ननाघेको, भुतपूर्व जनपद र सशस्त्र पहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४५ वर्ष ननाघेको " भन्ने वाक्यांशको सट्टामा "भुतपूर्व जनपद र सशस्त्र पहरी वा नेपाली सेनाबाट अवकाश भएको ५० वर्ष ननाघेको" भन्ने वाक्यांश राखिएको छ।

७. **मुल ऐनको अनुसुची २ मा संशोधनः-** मुल ऐनको अनुसुची २ को खण्ड तेश्रो(बुदाँगत) मा रहेको "उमेर १८ वर्ष पुरा भई २४ वर्ष ननाघेको, भुतपूर्व जनपद र सशस्त्र पहरी वा नेपाली सेनाबाट अवकाश भएकाको

हकमा ४५ वर्ष ननाघेको " भन्ने वाक्यांशको सट्टामा "भुतपूर्व जनपद र सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएको ५० वर्ष ननाघेको" भन्ने वाक्यांश राखिएको छ।

८. **मुल ऐनको अनुसुची ३ मा संशोधनः-** मुल ऐनको अनुसुची ३ को खण्ड तेश्रो(बुदाँगत) मा रहेको "उमेर १८ वर्ष पुरा भई २४ वर्ष ननाघेको, भुतपूर्व जनपद र सशस्त्र पहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४५ वर्ष ननाघेको " भन्ने वाक्यांशको सट्टामा "भुतपूर्व जनपद र सशस्त्र पहरी वा नेपाली सेनाबाट अवकाश भएको ५० वर्ष ननाघेको" भन्ने वाक्यांश राखिएको छ।

९. **मुल ऐनको अनुसुची ४ मा संशोधनः-** मुल ऐनको अनुसुची ४ को खण्ड सातौ(बुँदागत) मा पछी खण्ड आठौ (बुँदागत) थप गरी निम्न व्यवस्था गरीएको छ।

- थप. "हवलदारको हकमा भुतपूर्व जनपद र सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकास भएको ५० वर्ष ननाघेको"

**आज्ञाले**

**गणेशराज कार्की**

**प्रमुख प्रशासकिय अधिकृत**